म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

समृद्धि प्रकाशन प्रा. लि. हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

वर्ष:१५ अङ्क:- ४८६ २०८१ भदौ २३ गते आइतबार 8 September 2024, Sunday - पृष्ठ ४ मूल्य रु. ५/-




# कर्मचारी प्रणालीमा सुधार आवश्यक छः सचिव कार्की



*निजामति सेवा दिवसको अवसरमा आयोजित कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख सचिव कार्की ।*

**समाज संवाददाता**

हेटौंडाः बागमती प्रदेश सरकारका प्रमुख सचिव गोविन्द बहादुर कार्कीले कर्मचारीतन्त्रको विकल्प नरहेको बताउनुभएको छ । उहाँले कर्मचारी प्रणालीको विकल्प नरहेको र यसमा सुधारको आवश्यक रहेको औँल्याउनुभएको छ । निजामती सेवा दिवस २०८१ को अवसरमा प्रदेश सरकारको आयोजनामा हेटौंडामा शनिबार भएको कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै प्रमुख सचिव कार्कीले सुधारिएको कर्मचारी प्रशासन प्रणाली नै कर्मचारीतन्त्रको उपयुक्त विकल्प भएको बताउनुभयो ।

सेवा प्रवाह, कानुन निर्माण तथा विकासका काममा निजामती कर्मचारीहरुको महत्वपूर्ण भूमिका रहेको उहाँको भनाई छ । कर्मचारी क्षेत्रमा रहेका केही कमिकमजोरीका कारण प्रशासन प्रणाली माथि नै प्रश्न उठिरहेको उहाँले बताउनुभयो । प्रमुख सचिव कार्कीले कर्मचारी प्रशासनमा संक्रमण रहेको समेत बताउनुभयो । संक्रमणको अवधि कहिलेसम्म रहने थाहा नहुँदा कर्मचारी प्रशासनमा द्विविधा रहेको उहाँले स्पष्ट पार्नुभयो ।

कर्मचारी प्रशासको सुधारको प्रयत्न भइरहेको उहाँले जानकारी दिनुभयो । कर्मचारी प्रशासनको सुधार अरुबाट भन्दा पनि आफैबाट सुरु गर्नुपर्ने उहाँले बताउनुभयो । संघीय प्रणाली लागु भएको ७ वर्षको अवधिमा पनि संघीय निजामती ऐन आउन नसक्नु दुःखद् भएको प्रमुख सचिव कार्कीको भनाई छ । प्रदेश सरकारले बनाएका निजामती ऐनसँग हाल कार्यान्वयनमा रहेको र केही विषयहरु संघीय ऐन बाझिदा सार्वजनिक प्रशासन सेवामा प्रत्यक्ष असर पुगेको सचिव कार्कीले बताउनुभयो ।

यसैगरी कार्यक्रममा बोल्नुहुँदै प्रमुख जिल्ला अधिकारी तीर्थराज चिलुवालले कर्मचारीले सुशासनमा ध्यान दिन नसकेको बताउनुभयो । विभिन्न समयमा लाग्ने गरेको कर्मचारीहरु सिर्जनशीलताको अभावको आरोपलाई उहाँले खण्डन गर्नुभएको छ । उहाँले कर्मचारी प्रशासनले सिर्जनशील भएर पेशागत व्यावसायिकतालाई अभिवृद्धि गर्नेतर्फ ध्यान केन्द्रित भइरहेको बताउनुभयो । व्यावसायिक र सिर्जनशील प्रशासनः विकास, समृद्धि र सुशासन भन्ने नाराका साथ मनाइएको निजामती सेवा दिवस २०८१ का अवसरमा कविता प्रतियोगिता समेत आयोजना गरिएको थियो । कार्यक्रममा कविता प्रतियोगितामा प्रथम, द्वितीय र तृतीय हुने क्रमशः सानुबाबु खनाल, रुद्रप्रसाद शर्मा र गोपिनी गौतमलाई पुरस्कृत समेत गरिएको थियो ।

# आज साक्षरता दिवस

**समाज संवाददाता**

हेटौंडाः आज सेप्टेम्बर ८, अर्थात् विश्व साक्षरता दिवस । यूनेस्कोले सन् १९६५ मा हरेक वर्षको सेप्टेम्बर ८ लाई विश्व साक्षरता दिवसको रूपमा मनाउने घोषणा गरेको हो । विश्वभरिका विद्यालय, समुदाय र संस्थाहरूले साक्षरताका लागि जनजागरण फैलाउन यो दिवस विभिन्न तरिकाले स्व स्फूर्त रूपमा मनाउने गर्दछन् ।

यस वर्ष "पारस्परिक समझ र शान्तिका लागि साक्षरताको भूमिका बहुभाषिक शिक्षाको प्रवर्द्धन" भन्ने नाराका साथ यो दिवस मनाईंदै छ । सबै जना साक्षर हुनु सबै जनाको दायित्व हो तर, साक्षरताको ग्लोबल मनिटर रिपोर्टका अनुसार संसारका प्रत्येक ५ मध्ये एक जना पुरुष र दुई तिहाइ महिलाहरू अझै पनि निरक्षर छन् र धेरैको अत्यन्त न्यून स्तरको साक्षरता सीपहरू छन् । धेरै बालबालिकाहरू अझै पनि विद्यालय जान पाउँदैनन् र पाउनेहरू पनि दैनिक विद्यालय जान सक्दैनन् । नेपालमा पनि हालसम्म ७ प्रदेश मध्ये वागमती, गण्डकी र कोशी प्रदेश तथा ७७ मध्ये ६४ जिल्ला मात्र साक्षर घोषणा भएका छन् ।

कर्णाली प्रदेशका विकट जिल्लाहरु मुगु, जुम्ला, हुम्ला, कालिकोट र डोल्पा तथा मधेश प्रदेशका सबै ८ वटा गरी १३ जिल्लाहरु अझै साक्षर घोषणा हुन बाँकी छ । त्यस्तै ७५३ स्थानीय तह मध्ये मधेश प्रदेशका १३० र कर्णालीका २३ गरी कुल १५३ स्थानीय तहहरु साक्षर घोषणा हुन बाँकी छन् ।

## बागमती वन मन्त्रालयको समीक्षा

# ऐन कार्यान्वयनमा संघ बाधक

**समाज संवाददाता**

हेटौंडाः बागमती प्रदेशमा वन व्यवस्थापनका काम अघि बढाउन संघीय सरकार बाधक देखिएको छ । वन क्षेत्रको व्यवस्थापनका लागि वन ऐन निर्माण गरे पनि संघीय सरकारका कारण कार्यान्वयनमा आउन सकेको छैन ।

प्रदेश सरकारले प्रदेश क्षेत्रको वनहरुको व्यवस्थापनका लागि २०७६ मा प्रदेश राष्ट्रिय वन ऐन बनाएको थियो । तत्कालीन सरकारले विधेयक संसदमा दर्ता गराएर समितिबाट छलफल र संशोधनसहित पारित गरेको उक्त ऐन हालसम्म कार्यान्वयनमा आउन सकेको छैन ।

संघीय सरकारले दिगो वन व्यवस्थापन रणनीति निर्माण नगर्दा प्रदेश सरकारले बनाएको उक्त ऐन कार्यान्वयनमा आउन नसकेको हो । देश सरकारले राष्ट्रिय वन र निजी वनबाट वन पैदावर बिक्री गरी राजस्व संकलन गर्ने लक्ष्यसमेत निर्धारण गरेको छ । तर, ऐन कार्यान्वयनमा नआउँदा उक्त विषयहरु अघि बढ्न सकेको छैन ।

बागमती प्रदेशभन्दा पछि संघीय सरकारले राष्ट्रिय वन ऐन जारी गरेकाले थुप्रै प्रावधानहरु बाझिएका छन् । प्रदेशको ऐनका प्रवधानहरु संघीय ऐनसँग बाझिँदा कार्यान्वयनमा आउन नसकेको प्रदेश वन तथा वातावरण मन्त्रालयका सचिव धीरेन्द्रकुमार प्रधानले बताउनुभयो । संघले बनाएको ऐनसँग बाझिएपछि उक्त ऐन कार्यान्वयनमा आउन नसकेको उहाँले बताउनुभयो । ऐन बाझिएकाले संशोधन गर्नुपर्ने अवस्था रहेको उहाँको भनाइ छ ।

वनका निकायहरु अर्ध न्यायिक निकाय भएकाले दण्ड सजायका व्यवस्था पनि संघसँग बाझिएको उहाँले बताउनुभयो । दण्ड सजायका विषयमा दोहोरोपन हुन नहुने भएकाले प्रदेश ऐन कार्यान्वयनमा समस्या भइरहेको उहाँले बताउनुभयो । प्रदेश सरकारले ऐन निर्माण गरेसँगै प्रदेश वन नियमावली समेत ड्राफ्ट गरेको थियो । तर, ऐन नै कार्यान्वयनमा बाधा देखिएपछि नियमावली निर्माणको विषयमा सरकार अघि बढ्ने अवस्था नै नरहेको मन्त्रालयका सचिव प्रधानले बताउनुभयो ।

### ऐन कार्यान्वयन नहुँदा प्रदेशको राजस्व गुम्दै

प्रदेश सरकारले संविधानकने एकल अधिकार सूचीमा प्रदेशभित्रका राष्ट्रिय वन, जल उपयोग तथा वातावरण व्यवस्थापनका लागि उक्त ऐन बनाएको थियो । संविधानले एकल अधिकार दिए पनि प्रदेशले कानुन बनाएर वन व्यवस्थापन र राजस्व संकलनका काम अघि बढाउन सकेका छैनन् ।

प्रदेश सरकारले निर्माण गरेको ऐनमा सामुदायिक वन, साझेदारी वन, कबुलियती वन, धार्मिक वन र निजी वनमा प्रदेश सरकारले निगरानी गर्ने व्यवस्था गरेको छ । वन ऐन र सरकारी कार्ययोजना विपरित जाने जोकोहीलाई कारबाही गर्नसक्ने व्यवस्था ऐनले गरेको छ ।

वातावरणीय महत्व भएका, ऐतिहासिक, पुरातात्विक तथा सांस्कृतिक महत्वका, अन्तर्राष्ट्रिय महत्वका सिमसार क्षेत्रसहित पानीका मुहान, संवेदनशील जलाधार क्षेत्र, दुर्लभ तथा लोपोन्मुख अवस्थाका वनस्पति, वन्यजन्तु तथा जैविक विविधता संरक्षण र व्यवस्थापनका विषयहरु पनि ऐनमा समेटिएको छ । वन क्षेत्रमा चरा, जनावर, दृश्य अवलोकन, वन उद्यम, पर्यापर्यटन लगायतका कार्यक्रम सञ्चालनको व्यवस्था ऐनमा गरिएको छ ।

ऐनमा जडिबुटी तथा गैरकाठ वन पैदावर विकास बोर्ड गठन, वन क्षेत्रलाई विभिन्न अध्ययन तथा अनुसन्धानका लागि उपलब्ध गराउनेलगायतका विषयहरु व्यवस्था गरिएको छ । राष्ट्रिय वनमा जडिबुटी खेती, कृषि वन, बाली वा वनजन्य फलफूल खेती गर्न सकिने व्यवस्था ऐनले गरेको छ । सार्वजनिक निजी साझेदारीमा जडिबुटी संकलन, खेती र प्रशोधन एवम् बजारीकरणको व्यवस्था समेत गरेको छ ।

प्रदेश सरकारले मानिस, घरपालुवा जनावर र खेतीपातीमा हानि गर्ने वन्यजन्तुलाई हानिकारक वन्यजन्तु घोषणा गर्ने व्यवस्था ऐनमा गरेको छ । हानिकारक वन्यजन्तुलाई धपाउने र नियन्त्रणमा लिएर वन कार्यालयमा बुझाउनु पर्नेछ । नियन्त्रणमा लिएका वन्यजन्तुलाई वन, चिडियाखाना, प्राणी उद्यान वा वन्यजन्तु उद्धार केन्द्रमा व्यवस्थापन गरिनेछ । वन्यजन्तुका कारण हानि पुगेका व्यक्तिलाई सरकारले राहत उपलब्ध गराउने र सम्बन्धित वन उपभोक्ता समूहले पनि राहत दिनसक्ने व्यवस्था छ ।

### ऐन सशोधन गर्न संसदीय समितिको निर्देशन

बागमती प्रदेशअन्तर्गतको उद्योग, पर्यटन तथा वातावरण समितिले तत्काल प्रदेश राष्ट्रिय वन ऐन संशोधन गर्न निर्देशन दिएको छ । संघीय सरकारले जारी गरेको ऐनसँग अनुकूल हुने गरी ऐन संशोधनको व्यवस्था मिलाउन समितिले निर्देशन दिएको हो ।

सभापति आनन्दकुमार श्रेष्ठले समितिको बैठकमा वन तथा वातावरणमन्त्री कृष्णप्रसाद सिलवाल र सचिव प्रधानलाई संघीय ऐनसँग बाझिएका व्यवस्थाहरु तत्काल संशोधन गर्न निर्देशन दिनुभएको हो । सभापति श्रेष्ठले वन तथा वातावरण संरक्षणका विषयहरु अति संवेदनशील भएकाले आवश्यक प्रक्रिया पूरा गरी ऐन संशोधनका लागि पेस गर्न र सोबारे समितिलाई जानकारी गराउन निर्देशन दिएको बताउनुभयो ।

वन तथा वातावरणका संरचनाहरु अर्धन्यायिक निकाय भएकाले कानुनीरुपमा सशक्त र जिम्मेवार बनाउन ऐन संशोधनमा गम्भीर हुन उहाँले सरकारको ध्यानाकर्षण गराउनुभयो । कानुनी अप्ठेराका विषयहरु समाधान गर्न संघीय सरकारसँग आवश्यक समन्वय गरेर नयाँ ढंगबाट अघि बढ्न उहाँले आग्रह गर्नुभयो ।






## सम्पादकीय

# राजस्व बढाउनु आवश्यक

संघीयतासहितको संविधान जारी भएर प्रदेश सरकार निर्माण भएको करिब ७ वर्षपछि बागमती प्रदेश सरकारले राजस्व बढाउन अध्ययन गर्ने भएको छ । प्रदेशको आर्थिक मामिला तथा योजना मन्त्रालयले सरकारको राजस्व आम्दानी वृद्धि गर्ने उद्देश्यले अध्ययन कार्यदल गठन गरेको हो । कार्यदलले राजस्वका स्रोतहरु पहिचान गर्ने, राजस्व संकलनको अवस्था अध्ययन गर्ने, संकलनमा देखिएका समस्या पहिचान गर्ने भएको छ । प्रदेश संरचना तयार भएको सात वर्षसम्म राजस्वबारे कुनै अध्ययन नगरेको प्रदेश सरकारले राजस्वका नयाँ क्षेत्र पहिचान तथा विस्तारबारे अध्ययन र विश्लेषण गर्न कार्यदल गठन गरेको छ । मन्त्रालयको चालु आर्थिक वर्ष २०८१/०८२ को स्वीकृत कार्यक्रमबमोजिन अध्ययन कार्यदल निर्माण गरेको हो । प्रदेशको आम्दानी वृद्धिका लागि विगतमा भएका कार्यको समीक्षासहित आगामी दिनमा राजस्व आम्दानीको क्षेत्र पहिचान तथा विस्तरका लागि अध्ययन कार्यदल निर्माण गरिएको छ ।

प्रदेश सरकारले आन्तरिक राजस्वको स्रोत बलियो बनाउनुपर्छ । प्रदेश सरकारले संविधान, ऐन, कानुनबमोजिम लगाउने कर तथा उठाउने राजस्व जति बढी हुन्छ, त्यति नै प्रदेश आर्थिकरुपले समृद्ध हुनेछ । तीनै तहको सरकारले असुल गर्ने राजस्व नै सरकार सञ्चालनको प्रमुख आधार हो । प्रदेश सरकारले घर-जग्गा रजिष्ट्रेसन शुल्क, सवारी साधन कर, मनोरञ्जन कर, विज्ञापन कर, कृषि आय करजस्ता कर राजस्व उठाउन पाउँछ । यस्तै, सेवा शुल्क दस्तुर, पर्यटन शुल्क, दण्ड जरिवानाजस्ता गैरकर राजस्व संकलन गर्ने अधिकार प्रदेश सरकारलाई छ । बागमती प्रदेश सरकारले गठन गरेको अध्ययन कार्यदलले काम सुरु गरेको ७५ दिनसम्म विगत ३ वर्षको राजस्व संकलनको अवस्था विश्लेषणसहित आवश्यक बैठक, स्थलगत भ्रमण तथा विभिन्न स्थानमा छलफल गरेर सरकारलाई प्रतिवेदन बुझाउनेछ । कार्यदलले राजस्व संकलन तथा बाँडफाँडमा देखिएका समस्या समाधानका उपायहरुसमेत सिफारिस गर्नेछ । यसले प्रदेश सरकार केन्द्रको छायाँको रुपमा नभइ छुट्टै र बलियो संरचनाको रुपमा विकास गर्न सहयोग गर्ने आशा गर्न सकिन्छ ।

नेपालको संविधान २०७२ जारी भएपछि मुलुक एकात्मक शासन पद्धतिबाट संघीय पद्धतिमा परिवर्तन भई संघ, प्रदेश र स्थानीय गरी तीन तहका सरकार क्रियाशील छ । संविधानका विभिन्न अनसूचीले संघ, प्रदेश र स्थानीय तीनवटै तहको जिम्मेवारी र अधिकार ताकेको छ । संविधानमै वित्तीय संघीयताको आधारशीलाको रुपमा तीन तहको सरकारका लागि एकल र साझा अधिकारका सूची निर्धारण गरी राजस्व संकलन र खर्चको जिम्मेवारी दिइएको छ । प्रदेश सरकारले आफैं कानुन निर्माण गरी राजस्व संकलन गर्न सक्ने भए पनि प्रभावकारी रुपमा राजस्व निर्धारण तथा संकलन गर्न सकेको छैन । अधिकांश प्रदेश सरकार विगतमा नेपाल सरकारले उठाउँदै आएको कर तथा राजस्व संकलन गरेर बाँडफाँडमै सिमित बनिरहेको छ ।

अहिलेको अवस्थासम्म बागमतीबाहेकका अन्य प्रदेश सरकारले आफ्नो आन्तरिक प्रशासनिक खर्च धान्न सक्नेसम्म पनि आन्तरिक राजस्व परिचालन गर्न सकेको छैन । संघीय सरकारको अनुदानबाट नै प्रदेश र स्थानीय सरकारको प्रशासनिक र विकास निर्माणका कार्यमा हुने खर्च बेहोरिँदासम्म संघीयता बलियो हुँदैन । यसले प्रदेश सरकारको औचित्यमाथि नै प्रश्न उठिरहेको अवस्थामा आन्तरिक राजस्व वृद्धिका लागि बागमती प्रदेश सरकारले अध्ययन कार्यदल बनाउनुलाई सकारात्मक मान्नुपर्छ । ढिलै भए पनि गठन भएको कार्यदलले प्रदेशको वास्तविक अवस्था र सम्भावनालाई सूक्ष्म अध्ययन गरी राजस्वका थप स्रोत परिचालन गर्न आवश्यक सुझाव दिनु आवश्यक छ । कार्यदलले दिएको सुझावको प्रभावकारी कार्यान्वयनबाट प्रदेश सरकारको औचित्य पुष्टि गर्न बागमती प्रदेश सरकार सफल बन्नुपर्छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | चित्लाङ इलाका ६२१००० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | वारुण यन्त्र १०१ |
| ट्राफिक प्रहरी १०३ | बालबालिका खोजतलास केन्द्र १०४ |
| वडा प्रहरी ५२०२९९ | बाल हेल्पलाइन १०९८ |
| पशुपतिनगर इलाका ५२०५९८ | हेलो सरकार ११११ |
| मनहरी इलाका ९८५५०९०१६१ | नेपाल टेलिकम सोधपुछ १९७ |
| भीमफेदी इलाका ६९१४६२ | एम्बुलेन्स १०२ |
| पालुङ इलाका ६२०४६७ | नेपाल विद्युत प्राधिकरण गुनासो ११५० |
| फापरबारी इलाका ६२१९८० | |

## तपाईंको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडिकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : रिस, आवेगलाई रोक्दा राम्रो रहन्छ ।
**वृष** : बौद्धिक क्षेत्र र ज्ञानगुनमा रमाईएला ।
**मिथुन** : अभिभावकको सेवामा समय व्यतित होला ।
**कर्कट** : मिहिनेतको फल लाभप्रद नै रहने छ ।
**सिंह** : जोसजाँगर बढ्ने समय योग रहेको छ ।
**कन्या** : मिठो भोजन र धार्मिक यात्राको योग छ ।
**तुला** : रोकिएको काम सम्पन्न हुने समय योग छ ।
**वृश्चिक** : वरिष्ठ व्यक्तिहरुसँग चिनजान बढ्ने देखिन्छ ।
**धनु** : नाम, दाम र पुरस्कार प्राप्त हुने समय छ ।
**मकर** : इज्जत र प्रतिष्ठा बढ्ने समय योग छ ।
**कुम्भ** : समय संघर्षपूर्ण रहेको देखिन्छ ।
**मीन** : मनोरञ्जन र रमझममा रमाइने समय छ ।

# ‘बा’ भर्सेज ‘बालेन’



**बिशभ अधिकारी**

यो हप्ता बालेन साहको पोष्टले सर्वाधिक चर्चा पायो । एमालेसम्बद्ध बागमती प्रदेश सभा सदस्य रेखा शर्माले आठ वर्षदेखि एउटा नाबालक कामदारलाई घरेलू हिंसा र दैनिक कुटपिट गर्दे आएको छ। महानगरले दुई महिनादेखि सरकारलाई कार्वाहिका लागि भन्दै आएको, तर केही पनि कारबाही भएको छैन । अदालतले मुद्दा चलाउनु भनिसकेको छ। सम्मानीय प्रधानमन्त्री ज्यू भन्दै बालेनले तपाईको सुशासनको अर्थ बालिकाको मृत्यूपछि गोहिको आँसु झार्दै समवेदना प्रकट गर्ने एकलाख घोषणा गर्ने हो ? समात्ने कि नसमात्ने ? भन्दै बालेनले गरेको यो पोष्ट अहिले गायब भएको छ। सरकारले नै हटायो भन्ने आरोप एकथरिको छ। बालेनले पोष्ट रिभ्यू गर्न अनुरोध गरेपछि फेसबुकले माफि माग्दै पोष्ट फिर्ता गरेको छ।

यसै सन्दर्भमा प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई फेसबुकमा अनफलो गर्ने ट्रेण्ड नै चल्यो । केपी ओलीको ६ लाख ६२ हजार फलोअरबाट घटेर ५ लाख ८९ हजारमा झर्‍यो । यता बालेनको भने २० लाखबाट बढेर २१ लाख पुग्यो। सामाजिक सञ्जालको यो ट्रेण्डले बालेनको लोकप्रियता सहज रुपले बुझ्न सकिन्छ। आखिर केपी ओली किन बालेनसँग सिंगौरी खेलिरहन्छ। स्वतन्त्र मेयर बालेन केपीका लागि किन चुनौतिपूर्ण बन्दैछन् । यो बढो गम्भीर विषय भएको छ । केपी ओलीलाई कतै स्वतन्त्र मेयरको क्रेज बढ्दा दलहरुप्रति धृणा पैदा हुने हो कि भन्ने मनोविज्ञानले पनि काम गरेको हुनुपर्छ। स्वतन्त्र उम्मेदवारले क्रस गर्ने कुरो दलीय नेतालाई अपच हुन्छ नै। अहिले बालेनको क्रेज आक्रमक ढङ्गले बढेको छ। केपी ओली प्रधानमन्त्री हुँदा सुकुम्बासी गरिवलाई बालेनले देखी नसहेको आरोप लगाए । नदि किनारामा अतिक्रमितरुपमा रहेको बस्ती खाली गराउन बालेनलाई तात्कालिन केपी सरकारले असहयोग गरेको थियो । सुकुम्बासीको प्लाष्टिक छाप्रा भत्काउन महानगरको डोजर जान्छ, कर्कलो फाँड्न बन्चरो बोक्ने भन्ने केपी ओलीको आक्रोश थियो ।

बालेन निरन्तर चर्चामा आईरहन्छन्। संघीय सरकारका पूर्वाधार मन्त्री रघुवीर महासेठको काम ढिलासुस्ती हुँदा सडक कार्यालय अगाडि फोहरको थुप्रो थुपार्नेदेखि सिंहदरबार जलाउनेसम्मका अभिव्यक्ति चर्चाको शिखरमा रह्यो । सिंहदरबार जलाउने अभिव्यक्तिले सरकार बालेनलाई कार्वाहि गर्न अग्रसर नभएको होईन तर पछि हच्कियो । बालेनको फ्रेण्ड फलोईङ देख्दा सरकारलाई मनोवैज्ञानिक दबाव परिरहन्छ । एउटा प्रधानमन्त्री मेयरको पछि किन लाग्या होला ? न्युरोडको पेटी बनाउने कुरामा समेत सरकारले हस्तक्षेप गर्‍यो । बेला बेलामा ओली बालेनप्रति रोष प्रकट गरिरहन्छन्। पत्रकारको प्रश्नमा समेत ओली बालेनलाई गएर सोध्नुस् भन्छन् । ओलीसँग तिक्तताकै कारण बालेनले गीरिबन्धु टि स्टेट प्रकरण उठाए। यिनले गिरिबन्धु ‘टि’ मा जसरी सट्टाभर्ना लिन खोजेका १०१ कम्पनीको नाम सार्वजनिक गरेका थिए। कम्पनिको पहिलो नम्बरमै ‘केपी ओलि ट्रस्ट’को नाम थियो।

गिरिबन्धुलाई जग्गा सट्टाभर्ना गरी बेच्न दिने भनेपछि अरु कम्पनिले गिरिबन्धु जसरी नै छुट र सट्टापटा पाउनुपर्ने निवेदन हालेको बालेन्द्रको दावी थियो । यसरी सबै कम्पनिलाई हदबन्दिको छुटको नीतिगत निर्णय गर्दा कम्तिमा पनि ५० खर्बसम्मको खेलोफड्को रहेको सम्भावना आँकलन गरिएको छ। यसरी बालेन साहले यो पोष्ट सार्वजनिक गरेपछि केपी ओलीको क्याम्पमा ठूलो तरंग देखा पर्‍यो। त्यसपछि त बालेन र केपी ओली बीचको तिक्तता झन् झन् घनिभूत हुँदै गयो । वर्तमान सरकार निर्माण हुनेबितिकै बालेनले शेरबहादुर र केपी ओलीको तस्वीर सार्वजनिक गर्दै “काले-काले मिलेर खाउँ भाले” भन्दै कटाक्ष गरे। प्रचण्ड सरकारले भष्टाचारको फाईल खोल्ने तयारी गरिरहेको खासगरी भुटानी शरणार्थी र टिकापुर जग्गा प्रकरणमा भाउजुमाथि नै निगरानी रहेको समाचार सम्प्रेषण हुन थालेपछि रातारात केपी ओलीलाई सत्ताको चाबी सुम्पने काम भएको घटनाले देखाउँछ ।

भष्टाचारको काण्ड ढाकछोप गर्न दुई ठुला दल सरकार निर्माण गर्न सहमत भएको आशंका सर्वत्र छ। बालेन्द्र साहले प्रतिकात्मकरुपमा यिनको मिलन माथि प्रश्न उठाएका छन् । पछिल्लो बालेनको पोष्ट हटेपछि बालेन माथि आक्रमण भैराखेको छ भारतीय एजेण्टसम्मका पगरी थोपरेका छन् एमालेका कार्यकर्ताले । रेखा शर्माको विवादले एमाले कार्यकर्ता उग्र देखिएपछि सामान्य ज्ञान दिएर राजनीतिमा लगाउन बालेनले केपी ओलीलाई सुझाव दिएका थिए । कुनैबेला मेयर भएपछि बालकोट पुगेका बालेनलाई केपी ओलीले तबला उपहार दिएका थिए। तबला उपहार पाएका बालेन र ‘बा’ बीच कस्ले कस्लाई कतिबेला बजाउने होडबाजी नै चलेको छ।

मुलुकमा राजनीतिक दलहरुको विकल्प खोज्ने क्रममा बलियो वैकल्पिक राजनीतिक शक्तिको अभाव देखिँदा गएको स्थानीय निर्वाचनमा काठमाडौं, धरान, धनगढी जस्ता ठाउँमा स्वतन्त्र उम्मेदवारले मेयरमा विजय प्राप्त गरे । दलीय उम्मेदवारहरु पराजित हुँदा देशभर एउटा सन्देश प्रवाह भयो जनता, विकल्प खोज्दैछन् भन्ने। बालेनबाटै उत्प्रेरित भएर राजनीतिको अन्डर करेण्ट बुझेका रबि लामिछाने स्वतन्त्र नाम राखेर पार्टी गठन गरे। गठन भएको तीन महिनामै संसदमा चौथो शक्तिको रुपमा पार्टी स्थापित भयो । यसमा बालेनको जितले ल्याएको तरंग र उत्प्रेरणा, जनताले विकल्प खोजिराखेको मनोविज्ञानलाई ऐन मौकामा छाम्न सक्ने खुबी र बुझाई नै हो। जुन रबिले फलाम तातेको बेला हिर्काए। छोटो अवधि मै स्वतन्त्र पार्टीको टेष्ट जनताले गरिसके । त्यसबारे यो लेखमा चर्चा मुनासिब नहोला । अब मात्र एकपटक बालेन साहप्रतिको विश्वास र यो क्रेजलाई जनताले हेर्न खोजिराखेका छन्।

एउटा स्वतन्त्र मानिस आफ्नो व्यापक फ्रेण्ड फ्लोईङ भएकै कारणले आठ लाख संगठित सदस्य भएको पार्टीको नेतासँग ठोकिन सक्छ भने उसले दलसहित नयाँ विचार बनाएर अघि बढे कस्तो हलचल आउला ? अनुमान मात्र गर्न सकिन्छ । प्रधानमन्त्री जस्तो गरिमामय पदको मानिसले मेयरको पछि लागेर खेद्नू अशोभनीय कार्य हो। बालेनका पनि थुप्रै कमजोरी नभएको होईन । भावावेशमा दिईने कतिपय अभिव्यक्ति अराजक छन्। उनका शैलीगत कमजोरी नभएका होईनन्, छन् । तर पनि चारित्रिक स्वच्छताको आधारमा बालेनको उचाई माथि छ । आगामी दिनमा बालेन कसरी अघि बढ्लान प्रतिक्षा विषय रहेको छ। तर जसरी ओली ‘बा’ बालेनसँग पौंठेजोरी गर्न उद्दत देखिए यसले ‘बा’ कै शाखमा क्षति पुगेको छ। दुई ठूला दल सरकारमा छन् । संसदीय व्यवस्था भएको मुलुकमा पहिलो र प्रमुख प्रतिपक्षीमा भएको दल मिलेर सरकार बनाउँदैन । यो अस्वाभाविक गठजोड हो। विपक्षको स्पेस खाली भएको वर्तमान अवस्थामा सरकार बिरुद्ध जनमत निर्माण हुँदा नयाँ शक्तिको उदय हुन सक्छ। त्यो शक्ति बालेन नहोला भन्न सकिन्न । माओवादी, राप्रपा, जनमत, स्वतन्त्र पार्टी यि कांग्रेस, एमालेको विकल्पमा आउन सक्छन् या यि भुमिकाविहिन भए दुई ठूला दलमै जनता ध्रुवीकृत हुन सक्छन्। वा ‘बा’ देउ ‘वा’ नानीका ‘बा’ सब सोत्तर हुन सक्छन् । हेरौं कसरी अघि बढ्छ आगामी राजनीतिक दिशा।...अस्तू ।।।

# साँस्कृतिक विचलन र विकृतहरुको पञ्जाबाट तीजलाई मुक्त गर्ने कि ?



**रमेश प्रसाद लामिछाने**

१. तीज एक महत्वपूर्ण पर्व हो । आम हिन्दु महिलाहरुको पहिचान हो । बिवाहित छोरीहरु जन्मघर अर्थात माईतीमा जम्मा भएर एकापसमा सुख दुखका क्षणहरु साटासाट गर्ने अवसरको रुपमा समेत यो पर्व स्थापित छ । आमा, बुबा, दाजुभाइ, दिदीबहिनीहरु सबै एकैसाथ बसेर खानपिन गर्ने समय हो यो। पारिवारिक जमघटमा प्रत्येकको दिनचर्या, शिक्षा-दीक्षा, पेशा, कामका प्रकृति, सन्तानहरुको स्थिति, रोगव्याध र बिमारीका अवस्था अनि उपचार लगायतका कुराहरुसँगै सुझाव सल्लाह समेत अनुभवहरुको आदानप्रदानबाट हलुका महसुस गर्ने परम्परा बनेको थियो। पीडा र दुखका क्षणहरुबाट मुक्त देखाउन मौलिक रचनाका गीतहरुसहित नाचगान गर्दै रमाईलो गर्ने बेला पनि हो। कहिलेबाट तीज मनाउन शुरु भएको भन्ने एकिन तिथि-मिति कतै उल्लेख भेटिँदैन।

२. साँस्कृतिक परम्परा, चाडपर्व, रीतिरिवाजलाई मानव जातिको पहिचानकारुपमा बुझ्ने गरिएको छ । मानव सभ्यताका प्रारम्भिक कालखण्डदेखि नै मान्छेले मौलिकताको परिचय उजागर गर्दै आएको पाईन्छ। जंगली युगमा सहज शिकार भेट्दा प्रशन्न भै आफ्नो परिवारमा शारीरिक हाउभाउ प्रदर्शन गर्दै खुशी व्यक्त गर्ने मान्छेले दुश्मनलाई परास्त गरी आपसमा प्रशन्नता बाँड्ने प्रयोजनका लागि विजयोत्सव मनाउन थाल्यो । क्रमशः समय बित्दै जाँदा शताब्दियौं वर्षका अन्तरालमा मौलिक पहिचानका अनेक साँस्कृतिक परम्पराहरु अभ्यास गरिन थालिए । समयानुकूल रुपान्तरण स्वभाविक बन्दै आए। चाडपर्व तथा रीतिरिवाजका पछाडि पौराणिक गाथाहरु जोडिए। स्थान विशेषका प्रत्येक समुदायले अर्काको भन्दा भिन्न संस्कारको अभ्यास गरी आफ्नो फरक चिनारी स्थापित गर्ने प्रतिस्पर्धा समेत भएको पाईन्छ । यिनै पृष्ठभूमिमा धर्म, जात, वर्ण, भाषा, आदिको विस्तारै विकास भएकोमा शंका छैन।

३. निश्चय नै परम्परागत साँस्कृतिक चाडपर्वहरु हाम्रा मौलिक पहिचानका चिनारी हुन् । ठाउँले ज्यादा फरक पार्छ भनेर उदाहरण दिन आवश्यक लाग्दैन । नेपाली भाषा नै प्रयोग गरिरहेका हाम्रो देशका पूर्वि पहाडदेखि तराई मधेश हुँदै मध्य पहाड तथा उपत्यका र पश्चिमी पहाडीहरुमा फरक शैली र लवज भेटिन्छ। पूर्वी नेपालको मान्छे दार्चुलामा नेपाली भाषा नै नबुझ्ने स्थिति छ। चाडपर्वहरु मनाउने तरिकामा पनि भिन्नता भेटिन्छ। दशैंको टिका पूर्णिमासम्म लगाउने र दशमीको एक दिन मात्र टिका लगाउने यी भिन्न चलन हामीले हाम्रा वरपर नजिकै देखेका छौं । मृत्यु पश्चात १३ दिनसम्म गरिने किरिया छोट्याएर कतै पाँच त कतै सातै दिनमा सक्ने अभ्यास पनि हामीले सुनेका छौं। त्यसैले चाडपर्वहरु समय सापेक्ष बन्दै आएका छन्। स्थानले अधिक प्रभाव पारेको तथ्य हामीले भुल्न मिल्दैन ।

४. तीज हिन्दु महिलाहरुको महान पर्व हो । यस पर्वसँग पौराणिक गाथा जोडिएको छ । सत्य युगमा हिमालयकी पुत्री पार्वतीले महादेव पति पाउँ भनी गरेको कठोर व्रतसँग हरितालिका तीज जोडिएको भेटिन्छ। बिवाहित महिलाहरुले पतिको स्वस्थता र समृद्धिको कामना र अबिवाहितहरुले पार्वतीको महादेव झैं शक्तिशाली र सदाचारयुक्त महापुरुष पतिको कामना गरेर बस्ने व्रत नै तीज हो भन्ने गरेको पनि हामीले सुन्ने गरेका छौं । हरियाणा, चण्डिगढ, राजस्थान र पञ्जावमा श्रावण महिनामै मनाईने तीजलाई हरियाली तीजको नामाकरण भएको भेटिन्छ। त्यसतै यहि महिनामै काजरी तीजको नाम दिइएको तीज भारतको उत्तरप्रदेश लगायतका विभिन्न स्थानमा मनाउने गरेको पाइएको छ । तत्कालिन भारतवर्षभर आम हिन्दु महिलाहरुले हरितालिका तीज मनाउँदै आएकोमा कतै बिमति छैन ।

भाद्र कृष्ण अमावश्या अर्थात कुशे औंसी, यो दिन बुबाको मुख हेर्ने दिनको रुपमा समेत मनाउने चलन पनि पुरानै मानिन्छ। यसै औंसीको दोश्रो दिन अर्थात भाद्र शुक्ल पक्षको द्वितीया तिथिको मध्यरातमा महिलाहरुले खाने वस्तुलाई ‘दर’ भन्ने चलन छ । भोलिपल्ट तृतीया तिथिका दिन सक्दा पानी समेत नपिई थुक पनि ननिली कठोर व्रत बसेर मात्र महादेवको पूजा आराधना गरी साँझमा पानी तथा फलफूल खाने र चतुर्थीका दिन मात्र खाना खाने गर्दछन्। यो चतुर्थीलाई गणेश चतुर्थीको नाम दिइएको छ। अत्यन्त शुद्ध बनी सात्विक खाना खाएर गणेशको पूजा आरती गरी यो रात जाग्राम बस्ने परम्परा पनि कायमै छ। पञ्चमीको दिनलाई ऋषिपञ्चमी नामाकरण गरिएको छ। यस दिन नुहाउने सामग्री र बिधिबारे व्यापक उल्लेख भएको पाईन्छ। पूजाका सामग्रीहरु अबीर, केशरी, वस्त्र, जौ, तिल, कुश, फुल, धुप, दीप, अक्षता, फल, भेटी, नैवेद्यका अतिरिक्त दतिवन, माटो, लगायतका तोकिएका वस्तुहरु तोकिएकै संख्यामा लिई नदीमा नै विधिपूर्वक नुहाउने कामलाई पञ्चमी स्नान भन्ने गरिएको छ । स्नान पश्चात सप्तऋषिहरुको तोकिएको विधिपूर्वक पूजा आराधना गरेरमात्र यो पर्वको समापन गर्ने परम्परा रहेको छ ।

५. पछिल्ला वर्षहरुको तीजले मौलिकता गुमाएको छ । परिमार्जनका नाममा पहिचान संकटमा पुगेको छ। ‘दर’ खाने भन्दै महिनाभर पार्टी प्यालेसमा हुने जमघट र भेला यो पर्वको पहिचान होईन । महँगा गहना र कपडाहरुको प्रदर्शन अनि छाडा र अश्लिल गीत र नाचहरुले संस्कार र साँस्कृतिक विकृतिलाई प्रश्रय प्रदान गरिनु कुनैपनि कोणबाट सकारात्मक भन्न सकिँदैन । यो साँस्कृतिक विचलनको उदाहरण हो। आधुनिकताका नाममा हाम्रा सामाजिक मूल्य मान्यता, साँस्कृतिक पहिचान,

...बाँकी पृष्ठ ३ मा

# खोपेगल्लीको ज्यादती रोक्ने कुनै निकाय ?

**नारायण कँडेल**

तरकारी सागसब्जी जस्ता सर्वसाधारणको भान्सासँग जोडिएका वस्तुहरुको मुल्यले आकाश छोइरहँदा बजार अनुगमन गर्ने निकायनै कुनै छैन कि भन्ने आभाष हुन थालेको छ। किसानहरु अर्थात् उत्पादनकर्ताहरुलाई सोस्न पल्किएका नाफाखोर गैरस्थानीय व्यापारीहरुले आम उपभोक्ताहरुलाई पनि नराम्ररी सताएका छन्। बजारमा कृत्रिम अभाव मात्र सिर्जना गराइएको छैन कि कृत्रिम महङ्गी पनि दिन प्रतिदिन बढ्दो छ ।

किसानसँग ज्यादै सस्तोमा लिने र उपभोक्तालाई ज्यादै महङ्गोमा बेच्ने व्यापारीमाथि किन कुनै कारवाही हुँदैन ? बजारमा गएर तरकारीको भाउ बुझ्दा बेहोस हुने स्थिति कसरी सिर्जना भयो ? हेटौंडा उपमहानगरपालिका, उद्योग वाणिज्य संघ, उपभोक्तावादी संघ, संस्था के गर्दैछन् ? के यी निकायहरुले सीमित व्यापारीलाई किसान र उपभोक्ता ठग्ने लाइसेन्स दिएकै हुन् ? होइन भने किन चुप ? उद्योग वाणिज्य संघ त किन बोल्थ्यो र ? तर आफ्नो पालिका मातहत यस्तो व्यापारीको ज्यादतीले सीमा नाघ्दा हेटौंडा उपमहानगरपालिका थाहा नपाए जस्तो गरी, समय नभए जस्तो गरी, नियमन गर्न हुँदैन जस्तो गरी किन निष्क्रिय देखिन्छ ? बुझ्न सकिएन। काठमाडौं महानगरपालिकाले नियमित अनुमन गर्नसक्ने, धनगढी उपमहानगरपालिकाले नियमित अनुगमन र कारवाही गर्न सक्ने, हेटौंडा उपमहानगर पालिकाले किन नसक्ने ? सीमित बिचौलिया व्यापारीलाई पोस्न किसान र उपभोक्ता बलिको बोको बनी दिनुपर्ने हो र ? मौनता र निष्क्रियता हेर्दा त्यस्तै लाग्यो ।

उत्पादनकर्ता अर्थात् किसान आफैंले आफ्नो सामान बेच्न पाउने वातावरण किन बनाइँदैन । खोपेगल्ली किसानमारा र उपभोक्तामारा गल्ली बनेको छ । यथासक्य बिचौलियाहरुलाई त्यहाँबाट विस्थापित गरी "जसको उत्पादन, उसैको व्यापार" भन्ने अभियान चलाई हेटौंडा उपमहानगरपालिकाले आसपासका गाउँपालिकाहरुको सहकार्यमा किसानहरुको समूह बनाई कृषि उपज, सागसब्जी, फलफुलको बिक्री वितरण मिलाउन सके किसानले आफ्नो उत्पादनको उचित मूल्य पाउने र उपभोक्ताले पनि सर्वसुलभ ढंगले खरिद गर्न पाउने अवसर मिल्न गई सुशासनको अनुभुति गर्न पाउने थिए ।

हेटौंडा उपमहानगरपालिका भित्रका दुग्ध बिक्री वितरण केन्द्र अर्थात पसलहरुले कुन गुणस्तरको दूध बेचिरहेको छ भन्ने कुरामा उपमहानगरपालिका बेखबर जस्तै छ । बेला-बेलामा एक्कासी दुधको नमूना संकलन गरेर खाद्य प्रविधि तथा गुणस्तर नियन्त्रण कार्यालय मार्फत गुणस्तर परिक्षण गरिएको भए आम सर्वसाधारणले गुणस्तरहिन दूध पिउनु पर्ने थिएन कि ? होइन र ? जे होस खोपेगल्लीको बेथिति, नाफाखोर व्यापारीको अराजकतालाई छिटोभन्दा छिटो अन्त्य गर्न हेटौंडा उपमहानगरपालिकाको ध्यान जाओस् । यो आम उपभोक्ताको आवाज भनेर बुझ्दा खासै फरक नपर्ला। जनप्रतिनिधि ज्युहरुले उपमहानगरपालिकाको कार्यपालिका बैठक मार्फत औपचारिक निर्णय गरी यो बेथितिको अन्त्य गर्न सफल हुनुहोला भन्ने शुभेच्छा व्यक्त गर्दछु ।

सामुदायिक रेडियो, रेडियो निकास
९३.४ मेगाहर्ज सुनौं र सुनाऔं
रेडियो निकास ९३.४
हेटौंडा, मकवानपुर
The Voice of Community


## साँस्कृतिक विचलन...

परम्परागत संस्कार, धार्मिक ऐतिहासिक मर्मको उपहास गर्न र तोडमरोड गर्न हुँदैन। यसो भनिरहँदा परम्परागत मान्यताका मानव सभ्यताका विकास र समृद्धिका बाधक अनि जडता एवम् अन्धपरम्परा भने बोकिरहनु पर्छ भन्ने कतै छैन। यी अन्धता र आधुनिकता दुबै अति, समग्र मानव जातिकै लागि प्रत्युत्पादक बन्न सक्छन् । सँगै हिन्दु संस्कार र संस्कृति पर्याप्त लचकतापूर्ण भएको तथ्यबाट हामी सबै जानकार छौं भन्दा अतिशयोक्ति नहोला । बालबालिका, बृद्ध, रोगी, अशक्तहरुले कठोर व्रत बस्नै पर्छ भनेर कतै भनिएको छैन ।

६. अन्तमा, तोकिएकै दिनमा मात्र चाडपर्व मनाउने हो। जहिले पनि दशैंको टिका र भाइटिका लगाएर यी पर्व मनाइयो भने त्यो साँस्कृतिक विचलनको पराकाष्ठा बन्न सक्छ। वर्तमान विद्यालय, क्याम्पस र सरकारी कार्यालयहरु महिनौं दिनदेखि तीज मनाउन व्यस्त रहनु अनि सहकारी संस्थाहरु, व्यावसायिक संस्थाहरु, पेशागत संगठनहरु, वन समूहहरु, टोल विकासहरु, राजनीतिक दलहरु र उनीहरुका भगिनी संगठन तथा संघहरु यी सबैले तीजको मर्म र मान्यताको उपहास मात्र नभई साँस्कृतिक विचलन र विकृति बढाइरहेकोमा शंका छैन । यसको आर्थिक पक्ष त झनै कहालीलाग्दो छ । पार्टी प्यालेसमा आयोजना हुने भोजको मूल्य महँगै पर्छ । यस्ता ठाउँमा भड्किलो पहिरन सहितका हेभी खाना खर्चको मूल्य तिरिरहँदा विपन्न किसान मजदूर जसले बिहान बेलुकाको छाक टार्न दिनभर अर्काकोमा श्रम गर्नै पर्दछ, त्यो श्रम पनि सहजै पाइँदैन र तिनीहरुका सन्तानको शिक्षा-दीक्षा त झनै संकटमा रहेकासँगै बिरामी परेको अवस्थामा उपचार नपाएर ज्यान गुमाउनेहरुलाई एक पटक सम्झिने प्रयत्न गरिनु पर्ने हो ।

यो महिनौसम्म गरिने तडकभडकको खर्चले कैयौं क्यान्सर पीडितलाई बचाउन सकिन्छ। धेरै मृगौला पीडित र ब्रेन ट्युमर भएकाको उद्दार गर्न सकिन्छ । दिमाग तिक्ष्ण भएका तर आर्थिक विपन्नताकै कारणले डाक्टर र ईन्जिनियर बन्ने सपना तुहाएका विद्यार्थीहरुलाई सहयोग गर्न सकिन्छ। यी एकाध उदाहरण मात्र हुन् । यस्ता अनेकौं क्षेत्र छन् । यी चाडपर्वका नाममा गरिने भड्किलो र अनुत्पादक खर्चबाट युवा पलायनमा कमी ल्याउने कार्यमा राजनीतिक पार्टीहरुले नै अग्रसरताका साथ रचनात्मक र श्रृजनात्मक सेक्टरमा चासो र गम्भिरता देखाउन यस आलेखले ध्यानाकर्षणका लागि अपेक्षा गरिएको छ ।

*(लेखक सेवानिवृत शिक्षक हुनुहुन्छ ।)*




## हार्दिक समवेदना



जन्मः २००६/०५/०८

स्वर्गारोहणः २०८१/०५/१२

स्व. गोपालप्रसाद शर्मा ढोडरी

यस क्वालिफाइड रेफरेन्स ल्याव (क्यूआरएल) का सञ्चालक सदस्य राजकुमार शर्मा ढोडरीका पुजनीय बुबा **गोपालप्रसाद ढोडरी**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं दिन**को पूण्यतिथिमा बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**क्युआरएल हेटौंडा परिवार**

**हेटौंडा-१, मकवानपुर**

## हार्दिक समवेदना



जन्मः २००६/०५/०८

स्वर्गारोहणः २०८१/०५/१२

स्व. गोपालप्रसाद शर्मा ढोडरी

सञ्चारकर्मी मित्र मनोज शर्मा ढोडरीका पुजनीय बुबा **गोपालप्रसाद ढोडरी**को निधनको खबरले हामी मर्माहत भएका छौं । **आज १३ औं दिन**को पूण्यतिथिमा बुबाप्रति श्रद्धाञ्जली अर्पण गर्दै दिवंगत आत्माको चिरशान्तिको कामना गर्दछौं । साथै शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**सुरेश श्रेष्ठ, सम्पादक**

**एवम् समृद्ध समाज दैनिक परिवार**

**हेटौंडा, मकवानपुर**

## कर्जाको साँवा, ब्याज बुझाउने सम्बन्धी २१ दिने सूचना

यस बैंकको तपसिलका कार्यालयहरुबाट तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुले निम्न उद्देश्यका लागि विभिन्न मितिमा कर्जा लिई हालसम्म कर्जा नबुझाई भाखा नाघी निम्न लेखिए बमोजिम अनुसारको रकम बुझाउने सम्बन्धमा सम्बन्धित कार्यालयले वारम्वार ताकेता गर्दा पनि आलटाल गरी बुझाउनु पर्ने कर्जाको साँवा, ब्याज तथा बैंकले पाउनुपर्ने अन्य रकम समेत नबुझाएको हुँदा यो सूचना प्रकाशित भएको मितिले २१ (एक्काईस)दिनभित्र सम्बन्धित कार्यालयमा बुझाउनका लागि यो सूचना प्रकाशन गरिएको छ । उल्लेखित मितिभित्र पनि रकम दाखिला हुन नआएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३, कृषि विकास बैंक लि. को कर्जा असुली कार्यविधि तथा प्रचलित ऐन नियम बमोजिम कर्जा लिदा लेखिदिएको धितो लिलाम बिक्री वा अन्य व्यवस्था गरी बैंकको सम्पूर्ण लेना रकम असूल उपर गरिने व्यहोरा समेत जानकारी गराउदछौं । साथै तपसिल बमोजिमका व्यक्ति/फर्म/कम्पनीहरुलाई बैंकबाट कर्जा लिन मन्जुरीनामा दिने व्यक्तिहरुलाई समेत यसै सूचनाद्वारा कर्जा बुझाउन जानकारी गराइएको छ ।

| क्र.सं. | कर्जा ग्राहकको नाम (फर्म, प्रोप्राईटरको नाम/कम्पनि तथा संचालकहरुको नाम) | ठेगाना | बाजे/ससुराको नाम | ग्राहकको पिता/पतिको नाम | कर्जाको उद्देश्य | साँवा रकम रु. | मिति २०८१।४।म. सम्मको ब्याज तथा अन्य रकम | जम्मा तिर्नुपर्ने रकम | धितो मञ्जूरीनामा दिने/जमानत बस्नेको नाम | कैफियत |
|---|---|---|---|---|---|---|---|---|---|---|
| १. | बृहस्पती मसला उद्योग<br>प्रो. बिष्णु प्रसाद सिटौला<br>(१००४७६३) | हेटौंडा-०८, ओमनगर<br>९८४५४६४८४८<br>९८४५०७१६८९ | ललिता देव सिटौला | छविलाल सिटौला | उद्योग कर्जा | १५०००००।०० | ६७१६४।३८ | १५६७१६४।३८ | छोरा : सुनिल सिटौला | |
| २. | सुमित्रा विडारी<br>(१५९८१०१)<br>हेटौंडा-०२, कान्तिराजपथ | ९८५५०६७७७५<br>९८४५१०६३७५ | स.सहदेव वानियाँ | शम्भु विंडारी/सुनिल कुमार वानियाँ | सरल कृषि कर्जा<br>घरायसी कर्जा | २००००००।००<br>२३०००००।०० | १८५८८३।०९<br>२५३३९१।०० | २१८५८८३।०९<br>२५५३३९१।०० | पतिः सुनिल कुमार वानियाँ | |
| ३. | सुमि निर्माण सेवा प्रा.लि.<br>(स. सुनिल कुमार वानियाँ)<br>१६७८२६६ | हेटौंडा-१८, हर्नामाडी<br>९८५५०६७७७५<br>९८४५१०६३७५ | वखत बहादुर | सहदेव वानियाँ | हायर पर्चेज कर्जा | १०५०८१५३।२३ | ३५३१२५८।०३ | १४०३९४११।२६ | श्रीमति : सुमित्रा विडारी | |
| ४. | श्री आयु पोलीक्लिनीक<br>(प्रो.उषव राज चौलागाई)<br>(१०३०९८३) | हेटौंडा-०६, चौघडा<br>९८५५०६८८००<br>९८४५५८८००० | नरनाथ चौलागाई | बासुदेव चौलागाई | सेवा कर्जा | ७४२६०००।०० | ८२०१३२।९७ | ८२४६१३२।७९ | श्रीमति : उषा कुमारी गौतम | |
| ५. | शिव बुवा ट्रेडर्स एण्ड सप्लायर्स<br>(प्रो.विनोद सुवेदी) (२७३९९८) | हेटौंडा-५, कान्तिराजपथ<br>९८५५०६७६९९ | फत्ते बहादुर सुवेदी | शिव बहादुर सुवेदी | ब्यापार | ५००००००।०० | ७९४१७४।७६ | ५७९४१७४।७६ | श्रीमती : हिमा सुवेदी<br>भाई : मनोज कुमार सुवेदी | |
| ६. | डम्वरध्वज विश्वकर्मा<br>(२८१८९५) | हेटौंडा-११, नवलपुर<br>९८४५०२८०११ | जित बहादुर विश्वकर्मा | हरी बहादुर विश्वकर्मा | आवस कर्जा | १७८७९११।४८ | ३७४६७९।६३ | २१६२५९१।११ | श्रीमती : टक्कु विश्वकर्मा | |
| ७. | शुभम् गहना पसल तथा सायना सप्लायर्स<br>(प्रो.डम्वरध्वज वि.क.) (२७३९७९) | हेटौंडा-०१, राप्तीरोड<br>९८५५०६८७२८ | जित बहादुर विश्वकर्मा | हरी बहादुर विश्वकर्मा | ब्यापार | ५००००००।०० | ७३९७०४।३३ | ५७३९७०४।३३ | श्रीमती : टक्कु विश्वकर्मा | |
| ८. | मनोज हेयर ड्रेसर सैलुन<br>प्रो मनोज ठाकुर हजाम (२७४४६७) | हेटौंडा-०४, कमलडाँडा<br>९८११२६१८०५ | सितल ठाकुर | अमिरी ठाकुर हजाम | सेवा कर्जा | १५००००० | ९१३५५।०९ | १५९१३५५।०९ | श्रीमति : चमेली देवी | |
| ९. | तारा देवी एकिकृत कृषि तथा पशुपंक्षी फार्म<br>(प्रो. सिताराम थापा) (५३२६४७६) | हेटौंडा-१८, बड्कुले<br>९८२३३०८०५४<br>९८२३१०४८६० | गोपाल बहादुर थापा | चित्र बहादुर थापा | पशुपन्छीपालन कर्जा | १९०२४३९।०४ | ८५६१३।६३ | १९८८०५२।६७ | श्रीमती : टिका माया थापा | |
| १०. | के.एण्ड सि. कृषि तथा माछा पशुपंक्षी बहुउदेशियय प्रा.लि.<br>(सञ्चालक : प्रदिप पुडासैनी) (१९७३०१४) | हेटौंडा-६, चिसापानी<br>९८६७९७६५२८<br>९८४७२७१९१३ | थिर प्रसाद पुडासैनी | केशव प्रसाद पुडासैनी | व्यवसयीक कृषि तथा पशुपन्छी कर्जा | ८२३८८३०।६० | ६८२८७९।१० | ८९२१७०९।७० | श्रीमती : मुना कटुवाल<br>आमा : चन्द्रकला पुडासैनी | |

**कृषि बिकास बैंक लि. प्रदेश कार्यालय विरेन्द्रनगर चितवन**

# हिमालयन राइडर्स सोसाइटीको अध्यक्षमा मगर



*नयाँ समिति चयनपछि सामूहिक तस्वीर खिचाउँदै ।*

समाज संवाददाता

हेटौँडा: हिमालयन राइडर्स सोसाइटीको अध्यक्षमा राजु थापा मगर चयन हुनुभएको छ । शनिबार हेटौँडा भएको दोस्रो साधारण सभाबाट मगर अध्यक्षमा सर्वसम्मत चयन हुनुभएको हो । मगरको अध्यक्षमा १३ सदस्यीय कार्यसमिति गठन गरिएको छ । सोसाइटीको उपाध्यक्षमा बुद्धराम श्रेष्ठ र जीतेन्द्र महतो चयन हुनुभएको छ । महासचिवमा इश्वर पाण्डे, सचिवमा दामोदर प्रसाद ढुंगाना र कोषाध्यक्षमा लक्ष्मीचरण श्रेष्ठ चयन हुनुभएको छ ।

यस्तै सदस्यमा नवराज नेपाल, विश्वास सापकोटा, अशोक जोशी, धर्मराज पाण्डे, दुर्गा प्रसाद लामिछाने, सीता श्रेष्ठ र आशिष थापा मगर चयन हुनुभएको छ। नवनिर्वाचित पदाधिकारीहरुको कार्यकाल ३ वर्षको हुनेछ । सोसाइटीका अध्यक्ष थापा मगरको सभाध्यक्षमा मकवानपुर उद्योग वाणिजय संघका कोषाध्यक्ष सन्तोष अर्यालको प्रमुख आतिथ्यमा साधारणसभाको उद्घाटन कार्यक्रम भएको हो ।

सोसाइटी अध्यक्ष मगरले विद्यालयस्तरबाट नै विद्यार्थीलाई साइकलको महत्वको बारेमा बुझाउन आवश्यक रहेको बताउनुभयो । स्वाध्यका लागि साइकल भन्ने नारालाई सार्थक बनाएर सोसाइटीले विभिन्न प्रतियोगिताहरुको आयोजना गरेको उहाँले बताउनुभयो । वातारणको संरक्षण एवम् स्वच्छ वातावरण निर्माणका लागि पनि हरेक कामका लागि मोटरबाइक गाडीहरुको प्रयोग नगरेर सामान्यतया साइकलको प्रयोग गर्न सकिने उहाँको धारणा छ । साइकल चलाउँदा हुने फाइदाको बारेमा बुझाउनका लागि सोसाइटीले साइकल र्याली लगायतका कार्यक्रमको आयोजना गरेको उहाँले प्रष्ट पार्नुभयो । कार्यक्रममा सोसाइटीका संस्थापक अध्यक्ष चेतनाथ आचार्यको विशिष्ट आतिथ्य रहेको थियो ।

## बकैया खोलाले बगाउँदा माझी बेपत्ता

समाज संवाददाता

हेटौँडा: मकवानपुर जिल्लाको बकैया गाउँपालिका-६ स्थित बकैया खोलाले बगाउँदा अकले माझी बेपत्ता भएका छन् । निर्माणाधिन काठमाडौं-मधेश-तराई द्रुतमार्ग अन्तर्गत मकवानपुरको बकैया-६, जसपाल खण्डमा काम गर्दै आएका रौतहट जिल्लाको पौराई गाउँपालिका-२ का २८ वर्षीय माझी शुक्रबार दिउँसो २ बजेको समयमा बकैया खोला तर्ने क्रममा बगेको मकवानपुर प्रहरीले जनाएको छ ।

बकैया-६ जुईनास्थित ससुराली जाने क्रममा माझीलाई बकैया खोलाले बगाएको हो । माझीलाई खोलाले बगाएको भनी शनिबार बिहान प्रहरीलाई जानकारी प्राप्त भएपछि प्रहरीले खोजी कार्य गरिरहेको जनाएको छ ।

## २६ जनाले रक्तदान गरे, फुटबल खेलाडीलाई सम्मान

समाज संवाददाता

हेटौँडा: हेटौँडा-१० स्थित भुटनदेवी क्लबको आयोजनामा भएको रक्तदान कार्यक्रममा २६ जनाले रक्तदान गरेका छन् । शनिबार हेटौँडा-१० स्थित भुटनदेवी मन्दिर परिसरमा भएको रक्तदान कार्यक्रममा १७ जना पुरुष र ७ जना महिलाले रक्तदान गरेका हुन् ।

कार्यक्रममा मकवानपुरको फुटबल खेलाडी छिरिङ लामालाई सम्मान गरिएको छ । मकवानपुर जिल्लाको प्रतिनिधित्व गरेर राष्ट्रियस्तरको फुटबल प्रतियोगिता सहभागी हुन सफल भएकोले लामालाई १० हजार रुपैयाँ नगदसहित सम्मानपत्र प्रदान गरिएको छ । कार्यक्रममा रक्तदान गर्ने रक्त दाताहरुलाई पनि प्रमाणपत्र प्रदान गरिएको छ ।

भुटनदेवी क्लबका अध्यक्ष राजु विष्टको सभाध्यक्षमा तथा हेटौंडा उपमहानगरपालिका १० नम्बर वडाका वडाध्यक्ष फूर्वा दोर्जे लामाको प्रमुख आतिथ्यमा रक्तदान कार्यक्रम भएको हो । कार्यक्रममा मानव अधिकारकर्मी शर्मिला श्रेष्ठ, जिल्ला खेलकुद विकास समितिका निवर्तमान अध्यक्ष भेष खड्गी, जिल्ला फुटबल संघका अध्यक्ष टिकाराम लामा, उपाध्यक्ष युवाराज लामा लगायतको उपस्थिति रहेको थियो । कार्यक्रममा सामुदायिक प्रहरी सेवा उप-केन्द्र हेटौंडाको सहकार्य रहेको थियो । रक्तदान कार्यक्रममा प्राविधिक सहयोग रक्तसञ्चार केन्द्र हेटौंडाको रहेको थियो ।

सूचना !! सूचना !! सूचना !!!

यस अस्पतालमा मिति २०८१/०५/१६ गते आईतबारका दिनदेखि Extended Health Service (EHS) देहाय बमोजिम संचालन हुने व्यहोरा सम्बन्धित सम्पूर्णमा अनुरोध छ ।

**देहाय**:
१. E.H.S ओ.पि.डी. टिकट उपलब्ध हुने समय : २४ सै घण्टा
२. E.H.S ओ.पि.डी. संचालन समय : दिनको ठिक ४:०० बजे देखि ६:०० बजे सम्म ।
३. E.H.S ओ.पि.डी मा उपलब्ध हुने सेवाहरु
- मेडिकल ओ.पि.डी.
- सर्जिकल ओ.पि.डी.
- बालरोग ओ.पि.डी.
- स्त्री तथा प्रसूति रोग ओ.पि.डी.
- मनोरोग ओ.पि.डी.
- नशा तथा हाडजोर्नी रोग ओ.पि.डी.
- अन्य
- भिडीयो X-ray सेवा
- प्याथोलोजी सेवा
४. E.H.S ओ.पि.डी. सेवामा बिमाको सुविधा उपलब्ध हुने छैन ।
**पुनश्च**: सार्वजनिक बिदाको दिनहरुमा E.H.S ओ.पि.डी. सेवा संचालन हुने छैन ।

**मदन भण्डारी स्वास्थ्य विज्ञान प्रतिष्ठान**
**हेटौंडा, मकवानपुर**

## अर्धवार्षिक सधारणसभा सम्पन्न

समाज संवाददाता

अर्धवार्षिक सधारणसभा सम्पन्न

हेटौँडा: जेसीआई हेटौँडा वर्ष २०२४ को अर्धवार्षिक साधारणसभा सम्पन्न भएको छ । शनिबार जेसीआई हेटौँडाको सचिवालयमा अर्ध वार्षिक साधारणसभा भएको हो । अध्यक्ष विकेशलाल श्रेष्ठको सभाध्यक्षतामा साधारण सभा भएको हो ।

जेसीआईमा आवद्ध भएका सदस्यहरुको उपस्थितिमा ६ महिनाको अवधिसम्म भएका कामको प्रतिवेदन प्रस्तुतीकरण गरिएको अध्यक्ष विकेशलाल श्रेष्ठले जानकारी दिनुभएको छ । जेसीआई हेटौँडामा २ सय सदस्य मध्ये १ सय १० जना सदस्यको उपस्थिति रहेको उहाँले बताउनुभयो । शाखाको गतिविधि र क्रियाकलापमा शाखाका कार्यकारिणी उपाध्यक्ष, उपाध्यक्ष, महासचिव र कोषाध्यक्षले आआफ्नो प्रतिवेदन प्रस्तुत गरेका छन् ।

### मकवानपुर जिल्ला लिग फुटबल

# पदमपोखरी र गोर्खा ब्वाइज विजयी

समाज संवाददाता

हेटौँडा: हेटौँडामा जारी मकवानपुर जिल्ला लिग फुटबल प्रतियोगितामा पदमपोखरी युथ क्लब र गोर्खा ब्वाइज क्लब विजयी भएको छ । शनिबार हेटौँडा-६ स्थित गौरीटार रंगशालमा भएको खेलमा सानोपोखरालाई ३-२ गोलअन्तरले हराउँदै पदमपोखरी विजयी भएको हो भने रियल स्टार क्लबलाई १-० गोलअन्तरले हराउँदै गोर्खा ब्वाइज क्लब विजयी भएको हो ।

पदमपोखरीको तर्फबाट सुजन स्याङ्तानले १४ औं मिनेटमा, युवराज लामाले ३२ औं मिनेटमा र अभिषेक बोगटीले ९८औं मिनेटमा गोल गरे । सानोपोखराबाट सञ्जय लामाले खेलको ३८ औं मिनेटमा र सुमन राईले ९९ औं मिनेटमा गोल गरेका थिए । गोर्खा ब्वाइजको जीतमा मनोज घलानले निर्णायक गोल गरे ।

यस्तै सिमलटार मैदानमा भएको न्यू कम्वाइन र एफसी नामटारबीचको खेल १-१ गोलको बराबरीमा रोकिएको छ भने गौरीटारमा भएको हेटौंडा-७ र एफसी मल्टिभिजन क्लबबीचको खेल १-१ गोलमा स्थगित भएको छ । खेल सकिन ८ मिनेट बाँकी रहँदा रात परेको कारण खेल स्थगित भएको हो । ७ नम्बर उपहार स्वरुप आत्मघाती गोल प्राप्त गरेको हो । मल्टिभिजनबाट जेनिथ थपलियाले १ गोल गरेका हुन् । म्यान अफ द म्याच गोर्खाबाट मनोज घलान घोषित भएका छन् ।

लिग अन्तर्गत आज आइतबार गौरीटारमा पहिलो खेलमा प्रतिभा युवा क्लब र हाँडीखोलाबीच हुनेछ भने दोस्रो खेल युनाइटेड नाइन क्लब र सहिद स्मृति क्लबबीच हुनेछ । सिमलटारमा पहिलो खेल एफसी पोताला र सक्षम युवा क्लब बीच हुनेछ भने दोस्रो खेल पशुपति युवा क्लब र प्रगतिशील युवा क्लबबीच हुनेछ ।

जिल्ला लिग प्रतियोगितामा २८ क्लबहरुको सहभागिता रहेको छ । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ । प्रतियोगिताको उपाधि विजेता टिमले एक लाख रुपैयाँ र उपविजेता टिमले ५० हजार रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् । प्रतियोगिताको फाइनल खेल असोज ९ गते हुनेछ ।

### आज ऋषिपञ्चमी

# सप्तऋृषिको पूजा गरी मनाउँदै

समाज संवाददाता

हेटौँडा: हरितालिका तीज अर्न्तगत आज आइतबार ऋषिपञ्चमी सप्तऋषिको पूजा गरी मनाईदैछ । प्रत्येक वर्ष भाद्र शुक्ल पञ्चमीका दिनमा ऋषिपञ्चमी पर्व मनाइन्छ । आजको दिन नारीहरूले उपमार्ग (दतिवन) अर्थात् एउटा विशेष प्राकृतिक जडीबुटी गुणयुक्त वनस्पतिको प्रयोग गरेर बिहान आफ्नो नित्यकर्म सकाएपछि दाँत माँझ्ने र चपाउने गर्दछन् ।

१०८ वटा उपमार्गका डाँठका टुक्राहरुको प्रयोग गरेपछि आफ्नो शरीरमा माटोको प्रयोग गरेर नारीहरूले नजिकैको खोलानाला या ताल तलैयामा गएर स्नान गर्ने गर्दछन् । स्नान गरि सकेपछि पञ्च भाग्य अर्थात् दूध, दही, घ्यू, दुवो, कुश र गोबर मिसाएर तामाको भाँडोमा राखिएको एक वा दुई थोपा सेवन गर्ने सनातन चलन पनि चली आएको छ । पञ्च भाग्यको सेवनले क्षयरोग अनि चर्मरोगहरु नहुने र भएको भए पनि निको हुने विश्वास रहेको छ ।

यसरी बिहानै स्नान गरेर शरीर र आत्माको शुद्धि गरिसकेपछि नारीहरूले दियो, कलश अनि गणेश स्थापित गरेर विभिन्न भजन र प्रार्थना गर्दै कश्यप, आरती, भार्गदोज, विश्वामित्र, गौतम, जमदग्नि अनि वशिष्ठलगायतका सप्तऋषिहरुको पूजा र आव्हान गर्ने गरिन्छ । त्यसपश्चात् ब्राह्मणले रीतिअनुसार पूजा अर्चना गरेपछि मात्र ऋषि पञ्चमीको अनुष्ठान पूर्ण हुन्छ । यस अवसरमा आज मुलुकभरका ऋषेश्वर मन्दिरमा पूजा गर्ने श्रद्धालु महिला भक्तजनको भीड लाग्ने गर्छ । कतिपय महिलाहरुले घरमै पनि सप्तऋषिको पूजा गर्दछन् ।

### दुर्घटनामा बागमतीका बजुको मृत्यु

# गोलेको अवस्था गम्भीर

समाज संवाददाता

हेटौँडा: हेटौँडा-सिन्धुली मदन भण्डारी राजमार्गमा मकवानपुरबाट सिन्धुलीतर्फ जाँदै गरेको मोटरसाइकल दुर्घटना हुँदा मकवानपुरको बागमती गाउँपालिका-४ का २२ वर्षीय प्रविण बजुको मृत्यु भएको छ । दुर्घटनामा परी बागमती गाउँपालिका-५ का २१ वर्षीय भेषबहादुर गोले गम्भीर घाइते छन् ।

गोलेले चलाएको बा प्र ०३-००५ प ९८६ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई शुक्रबार दिनको ४ बजेको समयमा सिन्धुली जिल्लाको हरिहरपुरगढी गाउँपालिका-२, रतनपुरमा दुर्घटना भएको थियो । दुर्घटना परी गम्भीर घाइते भएका बजु र गोलेलाई उपचारका लागि हेटौँडा ल्याइएको थियो । हेटौँडास्थित मकवानपुर सहकारी अस्पतालमा उपचारको क्रममा बजुको मृत्यु भएको बागमती प्रदेश प्रहरी कार्यालय हेटौँडाले जानकारी दिएको छ । गम्भीर घाइते गोलेको चितवन जिल्लास्थित पुरानो मेडिकल कलेजमा उपचार भइरहेको प्रहरीले जानकारी दिएको छ ।



ERKE

Erke brand authorized showroom

D next dress up

हेटौँडा-१०, राप्तीरोड
राजक शाही
मोबाइल नम्बर ९८५५०७०१५६

Admission Open !!!
+2
Science
Hotel Management
Commerce
Computer Science
Law (English Medium)
BSc. CSIT
BCA
BBS
TU Affiliate

BSc. CSIT/BCA को तयारी कक्षा चलिरहेको छ ।
(९८५५०७७४१७/९८५५०६७४३५/९८५५०६९४४४)
हेटौँडा- सिटि कलेज (जेनिथ मावि)
हेटौँडा-५, पिप्ले

हेटौंडा रिफरेन्स ल्याबरोटरी
ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।
साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।
(HRL)
खुल्ने समय: विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म
सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।
थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्याबरोटरी
हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगाना: हेटौँडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशक: रोजिना श्रेष्ठ, सम्पादक: सुरेश श्रेष्ठ